चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अनुसूची २

चुलाचुली गाउँपालिकाको

## राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड,१ संख्या ५, प्रकाशित मिति २०७५/१२/१०

## भाग-२

चुलाचुली गाउँपालिकाको

# बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि -२०७५

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

### चुलाचुली गाउँपालिकाको

# चुलाचुली गाउँपालिकाको बालविवाहा विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि -२०७५

**प्रस्तावना :**

नेपालको संविधानद्धारा स्थानीय तहलाई प्राप्त व्यवस्थापकिय र कार्यपालिकीय अधिकार अर्न्तगत चुलाचुली गाउँपालिका भित्र अज्ञानता वा चेतनाको कमिले हुने वालविवाह जस्ता कुप्रथाहरुको  विरुद्ध गरिने कार्यकम तथा सो सम्वन्धी कार्यकम संचालन खर्च सम्वन्धी व्यवस्था गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी चुलाचुली गाउँ कार्यपालिकाले यो "वालविवाह विरुद्ध कार्यकम संचालन खर्च सम्वन्धी कार्यविधि २०७५" पारित गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "वालविवाह विरुद्ध कार्यकम संचालन खर्च कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि चुलाचुलीगाउँ कार्यपालिकावाट स्वीकृत भई राजपत्रमा प्रकासित भएको मिति देखी लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "स्थानीय तह" भन्नाले चुलाचुली गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष " भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) "प्रदेश र स्थानीय तहको वालअधिकार समिति" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गाउँपालिकामा गठन हुने समिति सम्झनुपर्दछ ।

(ङ) "मन्त्रालय " भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(च) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(छ) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ज) "वालविवाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

(झ) "विभाग " भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्य:**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा वाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. गाउँपालिका भित्रका वाल विवाह विरुद्धमा वालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. गाउँपालिकामा वाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यता वा कुप्रथाहरुमा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि वालवालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्वद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. समग्र चुलाचुली गाउँपालिका भित्र हुने वा हुन सक्ने वाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

**४. कार्यकम संचालन :**

१. वालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै वालविवाहका विषयमा वालक, किशोर तथा पुरुषहरूको सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
२. वालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न वालक्लव र समुदायका वालवालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।
३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागिशिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।
३. वालविवाह विरुद्ध सामुदायिकस्तरमा वाल क्लव, युवा क्लव वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा वालिकाहरुको सहभागितालाइ प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी वालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।
५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर किसोरी तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

### ५. खर्च र लेखापरीक्षणः

वालविवाह तथा वालवालिकामाथि हुने हिंसाको व्यवस्थापन कार्यक्रमको लागि गाउँपालिकाले वार्षिक रुपमा आफ्नो निति तथा कार्यक्रम मार्फत आवश्यक वजेट निर्धारण गर्नेछ । साथै यस्तो कार्यक्रम वा अभियान सञ्चालनका लागि वडा समितिले पनि वजेटनिर्धारण गर्न सक्नेछन । गाउँपालिकाले आफुले विनियोजन गरेको वजेट र वालविवाह तथा वालवालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति गाउँपालिकामा पठाउनुपर्नेछ ।

साथै वालवालिका संग सम्वन्धीत संस्थाहरुलाई आमन्त्रीत गर्न सक्नेछ । समितिको वैठक आवश्यक्ताको आधारमा प्रचलित नियम अनुसार वस्नेछ ।

८. काम कर्तव्य र अधिकार: यस कार्यविधिको परिच्छेद २ मा उल्लेखित सम्पुर्ण कार्यहरु गर्ने र समितिको संरक्षकले तोकेको कार्य गर्ने ।

९ **विविध:**

वालविवाह तथा वालवालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा वालविवाह अन्त्यका लागि राष्टिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ ।